दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ३२१ | बुटवल | २०८२ मंसिर १५ गते, सोमबार | नेपाल संवत ११४६ | Monday December 01, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## एमाले महाधिवेशन :

# लुम्बिनीबाट को–को छानिए प्रतिनिधि ?

**प्रतिनिधिमा अधिकांश संस्थापन पक्षकै निर्वाचित भए पनि महाधिवेशनसम्म पुग्दा उनीहरु पनि पार्टीको मूल नेतृत्व परिवर्तनको पक्षमा उभिने वरिष्ठ उपाध्यक्ष इश्वर पोखरेल पक्षका प्रतिनिधिहरुको तर्क छ ।**

**लुम्बिनी संवाददाता**
*बुटवल*

नेकपा एमालेको आसन्न ११औं महाधिवेशनका लागि लुम्बिनी प्रदेशका १२ जिल्ला मध्ये केहीमा सर्वसम्मत र बांकीमा चुनावी प्रतिस्पर्धाबाट प्रतिनिधि छनोट भएका छन् । प्रदेशका अध्यक्ष राधाकृष्ण कँडेलका अनुसार पूर्वी रुकुम, प्यूठान, बर्दिया, कपिलवस्तु र गुल्मीमा सर्वसम्मत रूपमा प्रतिनिधि चयन भएका हुन् । तर सर्वसम्मत प्रतिनिधि चयन गरिएको भनिएको दाङ र बाँकेमा विवाद निम्तिएको छ । विवाद बढेपछि केन्द्रमा नै उजुरी परेको छ । ती जिल्लामा प्रतिनिधि छनौटको क्षेत्राधिकार नै मिचेर गरिएकाले उजुरी दिइएको असन्तुष्ट पक्षले जनाएका छन् ।

लुम्बिनी प्रदेशमा एमालेका ८२ हजार १ सय ३५ सङ्गठित सदस्य छन् । तर मतदानमा ५० प्रतिशत पनि सहभागी भएनन् । एमालेको केन्द्रीय सङ्गठन विभागले जारी गरेको सर्कुलर अनुसार लुम्बिनी प्रदेशबाट खुलातर्फ ८० जना, महिला ५३, युवा २६, दलितबाट १९, मजदुरबाट ७ र प्रदेश कमिटीबाट ५ जना गरी १ सय ९० जना प्रतिनिधि तोकिएको छ ।

**रूपन्देही :**

एमाले उपाध्यक्ष विष्णु पौडेल, सचिव छविलाल विश्वकर्माको गृह जिल्ला रुपन्देहीका ५ निर्वाचन क्षेत्रमध्ये १, २ र ४ मा सर्वसम्मत हुन नसकेपछि मतदानबाट प्रतिनिधि चयन भएका हुन् भने ३ र ५ नम्बर क्षेत्रमा सर्वसम्मत प्रतिनिधि चयन भएका छन् ।

सचिव विश्वकर्माको निर्वाचन क्षेत्र पर्ने क्षेत्र नम्बर १ बाट खुला तर्फ ध्रुवप्रसाद खरेल, यज्ञ गैरे, हिमाल पाण्डे, महिला तर्फ जगेश्वरी चौधरी र राधा शाही तथा युवा तर्फ कृष्ण पौडेल चयन भएका छन् ।

उपाध्यक्ष पौडेलको निर्वाचन क्षेत्र रुपन्देही २ बाट खुल्लातर्फ बासुदेव घिमिरे, गोपाल राना, राजु गुरुङ, तेजेन्द्र केसी, बाबुराम भट्टराई र कुमार थापा, महिलातर्फ ज्ञानु केसी, कल्पना थापा, बिमला श्रेष्ठ र युवातर्फ बालकृष्ण पाण्डे निर्वाचित भएका छन् ।

यो क्षेत्रबाट पार्टी पूर्वउपाध्यक्ष एवं पूर्वराष्ट्रपति विद्या भण्डारीको पक्षमा खुलेका युवा नेता सुमन पुरी पराजित भएका छन् र संस्थापन पक्षका मदन भण्डारी स्पोर्टस् एकेडेमीका ध्रुव आचार्य पनि पराजित भएका छन् ।

रुपन्देही ३ बाट राजेन्द्र पन्थी, अयोध्या थारू, नरबहादुर घर्ती, पम्फावती खनाल, ममता पौडेल, चक्रबहादुर थापा सर्वसम्मत भएका छन् ।

रुपन्देहीक्षेत्र नं. ४ बाट कृष्ण भुसाल, मुस्लिम खान, सुनिता ठठेर र भगवानदास कुर्मी निर्वाचित भएका छन् ।

रुपन्देहीको क्षेत्र नं ५ बाट खुलातर्फ कृष्ण घिमिरे, चेतनारायण न्यौपाने, अब्दुल रहमान, बिन्दु श्रीस र लेखनाथ खनाल निर्वाचित भएका एमाले रुपन्देही अध्यक्ष यज्ञ गैरेले जानकारी दिए ।

जिफन्ट लुम्बिनी प्रदेशबाट खुला तर्फ हरि बहादुर कार्की , हुमाकान्त काफ्ले , सन्तोष के.सी.,हुम बहादुर क्षेत्री र महिलातर्फ रन्जु भट्टराई, सरस्वती सुवेदी र मङ्गला जैसी निर्वाचित भएका छन् ।

**दाङ**

नेकपा एमालेको ११औं महाधिवेशनका लागि दाङबाट सर्वसम्मत २३ जना प्रतिनिधि चयन भएका छन् ।




जिल्ला सचिव सूर्यबहादुर डाँगीका अनुसार खुलातर्फत १३, महिलातर्फ ७ र दलिततर्फ ३ जना गरी २३ जना प्रतिनिधि सर्वसम्मत चयन भएका हुन् ।

डाँगीका अनुसार खुलातर्फ शिवकुमार आचार्य, सुदन केसी, देवबहादुर बस्नेत, भुवन चौधरी, भानसिं बुढा, हुकुमबहादुर बस्नेत, भुवनेश्वर पौडेल, सूर्यबहादुर डाँगी, मनोहर बुढाथोकी, आशिष योगी, राममणि पाण्डे, कुलबहादुर केसी र घनश्याम चौधरी छनोट भएका छन् ।

महिला तर्फ भने सीता चौधरी (क्षेत्र नं.१), लक्ष्मी शर्मा, पुष्पा लामिछाने भट्टराई, सीता चौधरी (क्षेत्र नं २), रत्न तिवारी श्रेष्ठ, तुलसी डाँगी पोखरेल र रेखा केसी देवकोटा रहेका छन् ।

दलिततर्फ भने मानबहादुर विक, निर्मला विक र टंक बहादर विक रहेका छन् ।

**अर्घाखाँची**

नेकपा एमालेको एघारौं राष्ट्रिय महाधिवेशन प्रतिनिधि छनोटका लागि अर्घाखाँचीमा भएको निर्वाचनमा लुम्बिनी प्रदेशसभा सदस्य रामजीप्रसाद घिमिरे पराजित भएका छन् ।

निर्वाचन कमिटी अर्घाखाँचीका अनुसार कुल ३ हजार ६५० मतमध्ये पुरुष खुल्लातर्फ पिताम्बर भुसाल ३ हजार १८७ मतसहित विजयी हुँदा घिमिरे १ हजार ९८० मत अन्तरले पछि परे ।

बसन्त कुमार श्रेष्ठ २ हजार ८४१, रेशम थापा २ हजार ७७०, शम्भु प्रसाद पोखेल २ हजार ७४३, तेजप्रसाद खनाल २ हजार ५३३ र कमलप्रसाद घिमिरे २ हजार ४४४ मतसहित निर्वाचित भएका छन् ।

महिला खुला तर्फ दिपा आचार्य ३ हजार ३७, विष्णुमाया आचार्य २ हजार ९९३, लक्ष्मी गौतम २ हजार ९१० र सुषमा श्रेष्ठ २ हजार ८६३ मतसहित निर्वाचित भएका छन् । गीता भाट क्षेत्री १ हजार ११८ मतसहित पराजित भइन् ।

युवा खुलातर्फ तेज बहादुर रायमाझी र दलिततर्फ लिलबहादुर बिक तथा आशा परियार निर्विरोध चयन भएका छन् ।

**पश्चिम नवलपरासी**

नेकपा एमालेको ११ औं महाधिवेशनअन्तर्गत पश्चिम नवलपरासी र पाल्पा जिल्लामा निर्वाचनबाट प्रतिनिधि चयन भएका छन् ।

नवलपरासी क्षेत्र नं. १ बाट दिपेन्द्र कुमार अधिकारी, हरदेव पाण्डे, इन्द्रकुमारी थरुनी, राधा ढकाल र सुधा ज्ञवाली (युवा) निर्वाचित भएका छन् ।

क्षेत्र नं. २ बाट डोलराज भण्डारी, थानप्रसाद गैरे, लक्ष्मी क्षेत्री, शान्ता भण्डारी, विनोद पुन (युवा) र तुल्सीप्रसाद पासी (उत्पीडित क्षेत्र) निर्वाचित भएका छन् ।

**पाल्पा**

पाल्पा क्षेत्र नं. १ बाट खेमबहादुर सारु, नारायण आचार्य, दमन सिंह पाटा मगर, बिष्णु आचार्य, दुर्गा देवी राना, तिरण कुमारी श्रेष्ठ र सन्देश ढकाल (युवा) निर्वाचित भएका छन् ।

क्षेत्र नं. २ बाट रामजी पोखरेल, ओम बहादुर घर्ती, धनेन्द्र राज घिमिरे, विष्णुबहादुर कार्की, नारायण जिसी, लालबहादुर दर्लामी, तुलबहादुर अधिकारी, श्रीकृष्ण पान्डे, चिरञ्जीवी पोखरेल, शोभाखर भट्टराई, दिपक विश्वकर्मा (युवा), रन्जिव कुवर र श्रीकृष्ण पोखरेल निर्वाचित भएका एमाले प्रचार विभागका डिआर घिमिरेले जानकारी दिए ।

**कपिलवस्तु**

यसैगरी नेकपा एमालेको ११औं महाधिवेशनअन्तर्गत कपिलवस्तु र रुकुम पूर्वबाट सर्वसम्मत प्रतिनिधि चयन भएका छन् ।

कपिलवस्तु क्षेत्र नं १ बाट डम्मर शर्मा, विश्राम प्रसाद चौधरी, बजरंगी कुर्मी चौधरी, शान्ता पान्डे, विमला चौधरी र टुकलाल गैरे (युवा) चयन भएका छन् ।

क्षेत्र नं. २ बाट बाबुराम खनाल, मैराज खाँ, शारदा शर्मा, सरिता आचार्य र देवीराम अर्याल (युवा) चयन भएका छन् ।

क्षेत्र नं. ३ बाट अर्जुन कुमार केसी, गोपाल बहादुर थापामगर, गंगा घर्ती (महिला) र नारायण सापकोटा (युवा) निर्वाचित भएका छन् ।

दलितबाट सीबी गहतराज प्रतिनिधि निर्वाचित भएका छन् ।

**बाँके**

बांकेबाट क्षेत्र नं. १ मा बलराम भट्टराई, कुस्माखर बस्याल, बसन्ती अधिकारी,खेमराज शर्मा र सुधा चौधरी निर्वाचित भएका छन् । क्षेत्र नम्बर २ मा निरक गुरुङ,हलिम शाह, मोहित शाह र हिरा खराल निर्वाचित भएका छन् । क्षेत्र नम्बर ३ रत्न खत्री, मानबहादुर रूचाल, एकमाया बिक, भूमिसरा धिताल, बिमल मल्ल र दलबहादुर सुनार निर्वाचित भएका छन् ।

**बर्दिया**

बर्दिया क्षेत्र नं. १ बाट शालिकराम अधिकारी,लालबहादुर श्रेष्ठ,पदम ढकाल,अम्मर बहादुर खड्का, कृष्णा गुरुङ, नारायणी चौधरी, लक्ष्मी अधिकारी र रामकुमार चौधरी निर्वाचित भएका छन् ।

क्षेत्र नं. २बाट घन नारायण श्रेष्ठ, दुर्गा वली,संगीता चौधरी,मेनका पोखेल र भरत धामी निर्वाचित भएका छन् । यस्तै दलिततर्फ भुपेन्द्र सरला र विमला विक निर्वाचित भएका छन् ।

**गुल्मी**

गुल्मी क्षेत्र नं. १ बाट बालसिंह काउछा,फर्सुराम पाण्डे,फर्सुराम ज्ञवाली,पिताम्बर अर्याल, राजमी ढकाल,शुशिला पुन,राधिका अर्याल,अञ्जु कँडेल खत्री र अर्जुन कनौजे निर्वाचित भएका छन् ।

क्षेत्र नं. २बाट हरिप्रसाद पोखरेल, प्रकाश काफ्ले, लिलबहादुर बिष्ट, रितबहादुर थापा,ललित गौतम,कमला शर्मा,सरिता खड्का,माधव बिष्ट निर्वाचित भएका छन् ।

यस्तै दलित कोटाबाट रिता रम्तेल,सुर्य सोनि र कृष्ण सुनार निर्वाचित भएका छन् ।

**रुकुम पूर्व**

यसैगरी रुकुम पूर्वबाट नन्दलाल शर्मा, बागलाल बुढामगर, भावना बुढाथोकी, गोपालप्रसाद सुनार र लिलामणि गौतम (युवा) प्रतिनिधि चयन भएका छन् ।

» *बाँकी ३ पेजमा*

# असुरक्षाले घर छोडेको तीन वर्षसम्म पनि फर्किन पाएनन्,जनप्रतिनिधि मौन



बुटवल । अशुरक्षाको कारणले बुटवलमै एक परिवार आफ्नै घरमा बस्न पाएको छैन् । बुटवल उप-महानगरपालिका १३ साविक तारा टोल (हाल नागरिक टोल)मा आफ्नै एकतल्ले घर भए पनि आफ्नो घरमा बस्न नपाई भाडामा बस्नुपरेको स्व. यमप्रसाद नेपालको परिवारले दैनिक लुम्बिनी समक्ष गुनासो गरेको छ ।

स्व. नेपालका छोरा दिपेश राज नेपालसंगको दुस्मनीमा २०७९ पुस २२ गते स्व.यम प्रसाद नेपालको कुटपिटबाट हत्या भएको थियो ।

नारायणी नेकपा एमाले बुटवल उपमहानगर कमिटी पूर्व बिभागीय सद्स्य हुन् भने दिपेश राष्ट्रिय युबा संघ जिल्ला कमिटीका पूर्व सद्स्य तथा अनेरास्ववियु बुटवल नगर कमिटी पूर्व उपाध्यक्ष हुन् । हत्यामा संलग्न प्रदिप पाण्डे, अमृत पराजुली, अनिल पराजुली र खेम पाण्डे पक्राउ परेका थिए । उनीहरु तत्कालीन रुपमा धरौटिमा छुटेदेखी अशुरक्षा महसुस गरि नेपाल परिवार घर छाडेर अन्तै डेरामा बस्न बाध्य छ ।

चार जनालाई जिल्ला अदालत रुपन्देही र उच्च अदालत तुलसीपुर बुटवल इजलाशले सफाइ दिएको छ । तर नेपाल परिवारले मुद्दा सर्वोच्चमा पठाउन उच्चलाई आग्रह गरेका छन् ।

**कहिकतैबाट सुरक्षा नपाएको गुनासो**

नेपाल प्रहरीलाई शान्तीशुरक्षा गरिपाउँ भन्ने निवेदन दिएपनि प्रहरीले कुनै सहयोग नगरेको स्व. यमप्रसाद नेपालकी श्रीमती नारायणी नेपालले दैनिक लुम्बिनीलाई बताईन् । उनले अहिले सम्म प्रहरी, जनप्रतिनिधि तथा टोल विकास संस्थाहरुबाट कुनै समन्वय नपाएको गुनासो गरिन् ।

उनले भनिन्-'जतिबेला मेरो श्रीमानको मृत्यु भएको थियो, म २ छोरासहित त्यहीँ थिएँ । हत्याराहरु धरौटीमा छुटेकाहरुले साँझको समयमा मोटरसाइकलमा घर नजिक जम्मा हुने, हो हल्ला गर्ने गर्न थालेपछि अर्कोदिनदेखी डेरामा सरेका हौं । '

बदलाको भावनाले कुण्ठीत हुनसक्ने भन्दै छोराहरु सहित डेरा सरेदेखि नारायणी सो घरमा फर्केकी छैनन् । उनको त्यो घरमा अन्य परिवार भाडामा बस्दै आएको छ ।

**यसरी भएको थियो घटनाको शुरुवात**

यता उनका कान्छो छोरा दिपेश राज नेपाललाई ब्ल्याकमेल गर्न बुटवल १३ की रिता (नाम परिवर्तन)ले दिपेशको मोबाइल लगेर गोपनीयता भंग गर्ने चेतावनी दिएकी थिईन् ।उनले यसको बदलामा नगद समेत माग गरिन् । रिता (नाम परिवर्तन) अमृत पराजुली, अनिल पराजुलीकी सानीमा हुन् ।

मोबाईल फिर्ता नदिएपछि दिपेशले ईलाका प्रहरी कार्यालय बुटवलमा मानिस झिकाई आवश्यक कानुनी कारवाही गरि पाउँ भन्दै उजुरी हाले । दिपेशकै छिमेकी भएकोले घरपरिवारले सहमतीमा समस्या समाधान गर्ने भनेपछि उजुरी फिर्ता गरे । तर दुईदिनसम्म मोबाईल फिर्ता आएन् ।

उजुरी फिर्ताको दुई दिनपछी २०७९ पुस २२ गते साँझको ५ बजे ४ रिताकी दिदि गायत्रा पराजुली, प्रदिप, अमृत, अनिल, खेम लगायतको हुलले दिपेश र परिवारलाई कुटपिट गरे । सोही क्रममा वडा प्रहरी कार्यालय बेलबासबाट प्रहरी आएर घटना नियन्त्रण गऱ्यो ।

» *बाँकी ३ पेजमा*



दैनिक लुम्बिनी

# सम्पादकीय

## छाडा गाईवस्तु व्यवस्थापन खोई ?

बुटवलमा छाडा गाईवस्तुको व्यवस्थापन चुस्त नहुँदा सडक असुरक्षित बनेको छ । छाडा गाईवस्तुबाट पैदलयात्रु र मोटरसाइकलयात्रुलाई समस्या भएको छ । अन्य यातायातका साधन पनि उत्तिकै प्रभावित भएका छन् ।

छाडा गाईवस्तु व्यवस्थापन गर्न बुटवल उप-महानगरपालिकाले गौशाला बनाएको छ । गौशालामा चार सय गाई रहेको बुटवल नगरपालिकाका अधिकारीहरुको भनाइ छ । सडकमा अहिले गाईको लस्कर देख्न सकिन्छ । दूध दिउञ्जेल दूध खाने र दिन छाडेपछि छाड्ने प्रवृतिले सडक जोखिम भएको छ । छाडा गाईवस्तुको व्यवस्थापनमा बुटवल उपमहानगरपालिका चुकिरहेको छ । छाडा गाईवस्तुको व्यवस्थापन गर्ने प्रमुखजिम्मेवारी बुटवल उप-महानगरपालिको हो । उपमहानगरपालिकाले अधिकार क्षेत्र भएको विषयको समाधान आफैं गर्न सक्नुपर्छ । अरूलाई दोष लगाएर पन्छिन मिल्दैन । त्यसो त गौशाला बनाएर समाधान गर्ने प्रयास भएको हो । गौशाला बनाएर मात्रै हुँदैन, त्यो एउटा अस्थायी समाधान हो । गाईलाई दूध दिउञ्जेल पाल्ने त्यसपछि छाडा छाड्ने प्रवृति मौलाएको छ । नागरिकको विवेकहिन यो प्रवृतिलाई निरुत्साहित गर्न सबै अग्रसर हुनुपर्छ ।

सडकमा पैदल हिंड्दै गरेका र दुईपाङ्ग्रे साधन चलाएकाहरु जोखिममा पर्नुले बुटवल असुरक्षित सहरको पहिचान बन्ने संभावना छ । छाडा गाई वस्तुको व्यवस्थापनको अभावले सडक असुरक्षित बन्दा उपमहानगरपालिका संवेदनशील बन्नुपर्छ । अझ सडकमा साँढेको आक्रमणको जोखिम धेरै छ । साँढेको आक्रमणबाट ज्यान जाने अवस्था आउनु उपमहानगरपालिकाको छाडागाईवस्तु व्यवस्थापनको प्रष्ट कार्ययोजना नहुँदाले हो ।

निकुञ्ज आसपासको गाउँमा बाघले आक्रमण गर्दा बाघ र चितुवा लगायतका वन्यजन्तुको व्यवस्थापनमा तत्काल काम अघि बढ्छ । बाघलाई बेहोस बनाएर नियन्त्रणमा लिएर व्यवस्थापन गरिन्छ वा नियन्त्रणमा लिन नसके गोली हानेर मारिन्छ । साँढेलाई बाघलाई झैं बेहोस बनाएर नियन्त्रणमा लिन सकिन्छ । बाघ र चितुवालाई झैं मार्न सांस्कृतिक र धार्मिक मान्यताले संभव नभएपनि साँढे व्यवस्थापन जटिल छदै छैन् ।

साँढेलाई सडकमा छाडेर नगरमा जति राम्रा काम गरेपनि ती ओझेलमा पर्दछन् । छाडागाईवस्तु व्यवस्थापन स्थानीय तहको प्रमुख काम हो । पैदल यात्रुको ज्यान गएपछि संवेदनशील भएर साँढे व्यवस्थापन प्राथमिकतामा पर्नुपर्छ । बुटवलमा सञ्चालित गौशालामा छुट्टै साँढे ब्लक बनाएर उनीहरुलाई व्यवस्थापन गर्न लाग्नुपर्छ ।

# शान्तिपूर्ण निर्वाचन दलीय दायित्व



यज्ञप्रसाद भट्टराई

नेपालको संविधान जारी भएपश्चात् तेस्रो पटक प्रतिनिधि सभाको निर्वाचन हुँदै छ । यो निर्वाचन आवधिक प्रकृतिको नभई आकस्मिक प्रकृतिको हो । गत भदौ २३ तथा २४ को जेनजी विद्रोहको परिणामस्वरूप फागुन २१ गते निर्वाचनको मिति तोकिएको छ । विगतमा भएका निर्वाचनको इतिहास हेर्ने हो भने कहीँ न कहीँ निर्वाचनमा हिंसाका घटना भएको पाइन्छ । विसं २०७९ बैशाख ३० मा भएको स्थानीय तह निर्वाचनमा थुप्रै ठाउँमा हिंसाका घटना भए । पाँच जना नेपाली नागरिकले ज्यानै गुमाउनु परेको थियो ।

विसं २०७४ को स्थानीय निर्वाचनमा पनि केही व्यक्तिले ज्यान गुमाएका थिए । विसं २०५४ सालमा भएको निर्वाचनमा पाँच जना र २०४९ सालको स्थानीय निकाय निर्वाचनमा चार जनाले ज्यान गुमाएका थिए । २०७९ साल मङ्सिर ४ गते भएको आमनिर्वाचनमा विभिन्न ठाउँमा गरी प्रहरीले तीन दर्जनभन्दा बढी हवाई फायर गर्नु परेको थियो । विवाद, झैझगडा र हिंसाकै कारण १५ स्थानमा त दोहोऱ्याएर मतदान गर्नुपर्ने अवस्था सिर्जना भएको थियो ।

बाजुरा तथा सर्लाहीमा नागरिकको मृत्यु नै हुन पुगेको थियो । दोलखाको इतिहास हेर्ने हो भने विसं २०५१ को संसद् सदस्य निर्वाचनमा तत्कालीन क्षेत्र नम्बर १ को केही मतदान केन्द्रमा अमूक राजनीतिक दलले बुथ कब्जा गरेर एकलौटी मतदान गरेपछि दोलखामा बुथ कब्जाको विकृति सुरु भएको पाइन्छ । विसं २०५१ यता प्रतिनिधि सभा सदस्य (संसद्, संविधान सभा) का लागि भएको छ वटा निर्वाचन र २०५४ यताको स्थानीय तहको हरेक निर्वाचनमा दोलखामा सधैँ बुथकब्जाका घटना भएका थिए ।

त्यसै गरी २०७० सालमा भएको संविधान सभा सदस्य निर्वाचनमा प्रचारप्रसारका क्रममा भएको झडपमा एक युवाको ज्यानसमेत गएको थियो । विसं २०७४ को स्थानीय तहको निर्वाचनमा मतदान केन्द्रमा भएको झडपमा एक जना मतदाताको मृत्यु भएको थियो । दोलखाको गौरीशङ्कर गाउँपालिकामा प्रत्येक जसो निर्वाचनमा हिंसा हुँदै आएको पाइन्छ । २०७९ सालमा भएको प्रतिनिधि सभा सदस्यको निर्वाचनमा दोलखाको वैतेश्वरको वडा नं. ६ (क, ख, ग), वैतेश्वर-३, कालीढुङ्गा (क, ख, ग), वैतेश्वर-२ को जनज्योति (क, ख) र तामाकोशीको जामुने हेल्थपोस्ट (क, ख) केन्द्रमा भएको हिंसाले गर्दा उक्त मतदान बदर भई पुनः निर्वाचन भएको थियो । बाजुराको बुढीगङ्गा नगरपालिका, बुढीनन्दा नगरपालिका, त्रिवेणी नगरपालिका र स्वामीकार्तिकमा रहेका पाँच वटा मतदान स्थलमा हिंसाका कारण असर परेको थियो ।

स्याङ्जाको चापाकोट नगरपालिकामा रहेका दिसिङ्कोट, राममन्दिर, दिनदलायु, चिट्ठी पोखरी बुथमा अनधिकृत रूपमा बुथ कब्जा भएका उजुरी परेका थिए । यस प्रकारले विगतका निर्वाचनमा कुनै न कुनै रूपमा निर्वाचन हिंसाका घटना भएको पाइन्छ । विगतमा भएका निर्वाचनको अवस्थाका आधारमा भन्दा यस पटकको निर्वाचनमा हिंसा हुन नदिन विशेष सतर्कता अपनाउनु पर्छ ।

निर्वाचनको पहिलो सर्त नै शान्ति हो । भयरहित वातावरणमा मतदाताले स्वतन्त्र रूपमा मतदान गर्न पाउनु उनीहरूको मौलिक अधिकार हो । स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित तवरले भएको निर्वाचन मात्र वास्तविक निर्वाचन हुन्छ । कसैको डर, धाकधम्की, त्रास र आतङ्कबिना मतदाताले मत हाल्न पाउनु पर्छ, तब मात्र त्यस्तो निर्वाचन निष्पक्ष भएको मनिन्छ । निर्वाचन हिंसाका घटना निर्वाचनभन्दा अघि, निर्वाचनको दिन वा निर्वाचनपश्चात् हुन्छन् ।

राजनीतिक लाभ लिने उद्देश्यले मतदातालाई धम्काउने, डरत्रास देखाउने वा निर्वाचन प्रक्रियालाई अनुचित प्रभाव पार्न गरिने कुनै पनि प्रकारको शारीरिक, मानसिक वा संरचनात्मक आक्रमणको कार्य नै निर्वाचन हिंसा हो ।

निर्वाचन हिंसाका रूप धेरै हुन्छन् । उम्मेदवार, कार्यकर्ता वा मतदातामाथि कुटपिट, झडप, हत्या आदि गर्ने, कसैलाई मत नहाल्न वा कसैलाई मत हाल्न दबाब दिने, मतदान केन्द्र कब्जा गर्ने, मतपेटिका तोडफोड गर्ने, नक्कली मत हाल्ने, पार्टी कार्यालय, घर, गाडी आदि तोडफोड गर्ने जस्ता कार्य निर्वाचन हिंसामा पर्छन् । विशेष गरी निर्वाचन हिंसामा महिला, दलित, आदिवासी जनजाति वा कमजोर समुदायलाई मतदान गर्नबाट रोक्ने, अनलाइन वा सामाजिक सञ्जालबाट डर धम्की दिने, बदनाम गर्ने, हल्ला फैलाउने, डरत्रास पैदा गराउने जस्ता गतिविधि पर्छन् ।

त्यसै गरी मतदान केन्द्रमा झडप, मतदाता वा कार्यकर्ताबिच कुटपिट हुनु, मतदान केन्द्र कब्जा गर्ने प्रयास, मतपेटिका तोडफोड वा चोरी प्रयास, मतदान सकिनुअघि मतपेटिका भगाउने, आक्रमण गरेर मतपेटिका क्षति पुऱ्याउने, सभा जुलुसमा ढुङ्गामुढा तथा एकअर्काको गाडी, ब्यानर वा कार्यालय तोडफोड गर्ने, उम्मेदवार वा कार्यकर्तामाथि आक्रमण, धम्की, अपहरण, आक्रमण वा कुटपिट जस्ता घटना हुने गरेका छन् । राजनीतिक प्रतिस्पर्धाको चरम रूप, सत्ता वा शक्ति कब्जा गर्न चाहने समूहको दबाब, सुरक्षाको कमजोरीपन, कमजोर राजनीतिक नैतिकता र कानुनी व्यवस्थाको फितलो कार्यान्वयन जस्ता कारणले गर्दा निर्वाचनमा हिंसा हुन पुग्छ ।

हिंसाका घटनाले निर्वाचनमा प्रभाव पार्छ । मतदातामा डर पैदा हुँदा उनीहरूले स्वतन्त्र रूपमा मतदान गर्न सक्दैनन् । विशेष गरी महिला, दलित, अपाङ्गता भएका तथा दुर्गम क्षेत्रका मतदाता डरले गर्दा मतदान गर्न नजाने स्थिति हुन्छ । मतपरिणाम वा निर्वाचन परिणामको विश्वसनीयता घट्न सक्छ । राजनीतिक वैमनस्यता बढेर समाजमा दीर्घकालीन विभाजन निम्त्याउन सक्छ । निर्वाचन हिंसाले समग्रमा राष्ट्रलाई कमजोर बनाउँछ ।

विश्वमा भएका निर्वाचन हिंसाका घटना हेर्दा 'आर्म्ड कन्फिलिक्ट लोकेसन एन्ड डाटा प्रोजेक्ट' को पछिल्लो रिपोर्ट अनुसार सन् २०२४ मा भएका निर्वाचनमा ९६ देशमा करिब दुई हजार छ सय जति हिंसाका घटना भएका थिए । सबैभन्दा बढी प्रभावित देशमा मेक्सिको, म्यान्मार, भारत, नाइजेरिया र फिलिपिन्स पर्छन् । केन्यामा सन् २००७ को राष्ट्रपति निर्वाचनपछि मतपरिणाममा विवाद भएपछि ठुलो स्तरमा जातीय हिंसा भएको पाइन्छ । उक्त हिंसामा हजारौँ मानिसको मृत्यु भएको थियो भने लाखौँ मानिस विस्थापित भएका थिए । जिम्बाबेमा सन् २००८ मा भएको निर्वाचनमा निर्वाचन हिंसाका घटना भएको थियो । गिनीमा सन् २०१३ मा निर्वाचनसँग सम्बन्धित झडप भएको र उक्त झडपमा सयौँ मानिस मरेका थिए । त्यसै गरी मेक्सिकोमा सन् २०२४ मा आपराधिक समूहले उम्मेदवारमाथि हिंसा बढाएको पाइन्छ । दर्जनौँ उम्मेदवारको हत्या भएको थियो । भेनेजुयलामा समेत निर्वाचन हिंसाका घटना भएको पाइन्छ । विशेष गरी निर्वाचन हिंसाका यस्ता घटनामा गोलीकाण्ड, अपहरण, धम्की, झडप आदि रहेको देखिन्छ । विश्वको परिवेश नियाल्दा निर्वाचनमा हिंसा हुनुका केही मुख्य कारणमा राजनीतिक असन्तुष्टि र मतपरिणामलाई नस्वीकार्नु, आपराधिक समूहको सत्ता कब्जा गर्ने चाहना, जातीय वा सामाजिक विभाजन (जस्तै केन्यामा), कमजोर सुरक्षा प्रणाली तथा स्थानीयस्तरमा कमजोर शासकीय निगरानी जस्ता कारण रहेको पाइन्छ ।

नेपालमा आगामी फागुन २१ गते प्रतिनिधि सभा सदस्यको निर्वाचन हुने गरी निर्वाचनको मिति तय गरिएको छ । उक्त दिन बिहान ७ बजेदेखि बेलुकी ५ बजेसम्म मतदान हुने गरी निर्वाचन कार्यक्रम प्रकाशित भएको छ । हाल निर्वाचन आयोगमा दर्ता कायम रहेका राजनीतिक दल करिब १४० रहेका छन् । तीमध्ये निर्वाचन प्रयोजनका लागि दर्ता भएका दलको संख्या करिब १०५ जति रहेको छ । आगामी माघ ६ गते उम्मेदवारको मनोनयन दर्ता गर्ने कार्यक्रम निर्धारण गरिएको छ ।

हाम्रो देशका कतिपय राजनीतिक दलका नेताले अहिलेदेखि नै असहिष्णुता वा घृणा फैलाउने वा हिंसालाई बढावा दिने किसिमका वचन एवं द्वेषपूर्ण अभिव्यक्ति दिएको सुनिन्छ । पटक पटक देशको नेतृत्वमा पुगेका जिम्मेवार नेताबाट समेत द्वेषपूर्ण अभिव्यक्ति प्रकट भइरहेको सुनिन्छ ।

राजनीतिक दल तथा उम्मेदवारले जनतामाझ निर्वाचन घोषणापत्रमार्फत आफ्ना नीति कार्यक्रम प्रस्तुत गरेर मतदातालाई आफ्नो पक्षमा मत दिन प्रोत्साहित गर्नु पर्छ ।

एक दलले अर्को दललाई र एक उम्मेदवारले अर्को उम्मेदवारलाई गालीगलौज गर्ने, घृणापूर्ण अभिव्यक्ति दिने, एकले अर्कोलाई निषेध गर्ने जस्ता गतिविधि गर्ने गरेको देखिन्छ । हामीकहाँ असल राजनीतिक संस्कारको कमी भएको हुँदा यस्ता खालका क्रियाकलापले बढावा पाउने गरेका छन् ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा २१ मा दलले गर्न वा गराउन नहुने कामबारे उल्लेख गरिएको छ । त्यसै गरी दफा २० मा दलले गर्नुपर्ने काम, कर्तव्य र अधिकारको व्यवस्था छ । सोही ऐनको दफा ५५ मा दलले आफ्ना सदस्य र कार्यकर्ताले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागु गर्नुपर्ने र उक्त आचारसंहिता सम्बन्धित दल र त्यसका सदस्य एवं कार्यकर्ताले पालना गर्नुपर्ने र पालना नगर्नेलाई दलले विधानबमोजिम कारबाही गर्नुपर्ने गरी बाध्यकारी व्यवस्था छ । राजनीतिक दलले ऐनको दफा २१ मा उल्लिखित निषेध गरिएका काम गरेमा आयोगले ५० हजारसम्म जरिबाना गर्न सक्ने एवं दल दर्ता खारेजसमेत गर्न सक्ने कानुनी व्यवस्था छ ।

निर्वाचन कसुर तथा सजाय ऐन, २०७३ ले निर्वाचन हिंसासँग सम्बन्धित कसुरको परिभाषा गरेको छ । कसैले निर्वाचन हिंसासँग सम्बन्धित कसुर गरेमा त्यस्तो व्यक्तिलाई अदालतमा फौजदारी मुद्दा चल्न सक्ने र सोको अनुसन्धान र तहकिकात जिल्ला प्रहरी कार्यालयबाट हुने व्यवस्था छ । त्यसै गरी सम्बन्धित सरकारी वकिलले जिल्ला अदालतमा मुद्दा दायर गर्न सक्ने र त्यस्तो कसुर गर्ने व्यक्तिलाई अदालतले दुई लाख रुपियाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्ने कानुनी व्यवस्था छ । निर्वाचन आयोग ऐन, २०७३ मा निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने व्यक्तिलाई आयोगले एक लाख रुपियाँसम्म जरिबाना गर्न सक्ने कानुनी व्यवस्था छ ।

निर्वाचन हिंसा रोक्ने पहिलो महत्वपूर्ण विषय राजनीतिक दल र उम्मेदवार बढी जिम्मेवार बन्नु आवश्यक छ । सुरक्षा व्यवस्थालाई चुस्त दुरुस्त र सुदृढ बनाई आपराधिक कार्य नियन्त्रण गर्न द्रुत कारबाही टिम तयार गरी राख्ने र द्रुत रूपमा परिचालन गर्नु पर्छ । दल र उम्मेदवारबिच शान्तिपूर्ण प्रतिस्पर्धा र सम्मानजनक संवादलाई प्रोत्साहन गर्नु जरुरी छ । सञ्चार माध्यमले गलत सूचना, उत्तेजनात्मक सामग्री र अफवाह फैलिन नदिन निगरानी राख्ने र सत्यतथ्य र सन्तुलित खबर प्रसारण गर्ने कुरालाई प्राथमिकतामा राख्नु आवश्यक छ । हिंसा भड्काउने सामग्री हटाउन सामाजिक सञ्जालका प्लेटफर्मसँग सहकार्य गर्नु जरुरी छ । राजनीतिक दलले निर्वाचन घोषणापत्र बनाई आयोगमा पेस गर्ने र सो घोषणापत्रका आधारमा निर्वाचन प्रचारप्रसार गर्ने व्यवस्था मिलाई राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा २० को उपदफा (२) को खण्ड (ढ) बमोजिम आफ्नो निर्वाचन घोषणापत्रमा उल्लेख भएका काम गर्ने, गराउने व्यवस्था मिलाउनु आवश्यक छ ।

राजनीतिक छाडा गाईवस्तु व्यवस्थापन खोई ?

बुटवलमा छाडा गाईवस्तुको व्यवस्थापन चुस्त नहुँदा सडक असुरक्षित बनेको छ । छाडा गाईवस्तुबाट पैदलयात्रु र मोटरसाइकलयात्रुलाई समस्या भएको छ । अन्य यातायातका साधन पनि उत्तिकै प्रभावित भएका छन् ।

छाडा गाईवस्तु व्यवस्थापन गर्न बुटवल उपमहानगरपालिकाले गौशाला बनाएको छ । गौशालामा चार सय गाई रहेको बुटवल नगरपालिकाका अधिकारीहरुको भनाइ छ । सडकमा अहिले गाईको लस्कर देख्न सकिन्छ । दूध दिउञ्जेल दूध खाने र दिन छाडेपछि छाड्ने प्रवृतिले सडक जोखिम भएको छ । छाडा गाईवस्तुको व्यवस्थापनमा बुटवल उपमहानगरपालिका चुकिरहेको छ । छाडा गाईवस्तुको व्यवस्थापन गर्ने प्रमुखजिम्मेवारी बुटवल उपमहानगरपालिको हो । उपमहानगरपालिकाले अधिकार क्षेत्र भएको विषयको समाधान आफैं गर्न सक्नुपर्छ । अरूलाई दोष लगाएर पन्छिन मिल्दैन् । त्यसो त गौशाला बनाएर समाधान गर्ने प्रयास भएको हो । गौशाला बनाएर मात्रै हुँदैन्, त्यो एउटा अस्थायी समाधान हो । गाईलाई दूध दिउञ्जेल पाल्ने त्यसपछि छाडा छाड्ने प्रवृति मौलाएको छ । नागरिकको विवेकहिन यो प्रवृतिलाई निरुत्साहित गर्न सबै अग्रसर हुनुपर्छ ।

सडकमा पैदल हिडदै गरेका र दुईपाङ्ग्रे साधन चलाएकाहरु जोखिममा पर्नुले बुटवल असुरक्षित सहरको पहिचान बन्ने संभावना छ । छाडा गाई वस्तुको व्यवस्थापनको अभावले सडक असुरक्षित बन्दा उपमहानगरपालिका संवेदनशील बन्नुपर्छ ।

अझ सडकमा साँढेको आक्रमणको जोखिम धेरै छ । साँढेको आक्रमणबाट ज्यान जाने अवस्था आउनु उपमहानगरपालिकाको छाडागाईवस्तु व्यवस्थापनको प्रष्ट कार्ययोजना नहुँदाले हो ।

निकुञ्ज आसपासको गाउँमा बाघले आक्रमण गर्दा बाघ र चितुवा लगायतका वन्यजन्तुको व्यवस्थापनमा तत्काल काम अघि बढ्छ । बाघलाई बेहोस बनाएर नियन्त्रणमा लिएर व्यवस्थापन गरिन्छ वा नियन्त्रणमा लिन नसके गोली हानेर मारिन्छ । साँढेलाई बाघलाई झैं बेहोस बनाएर नियन्त्रणमा लिन सकिन्छ । बाघ र चितुवालाई झैं मार्न सांस्कृतिक र धार्मिक मान्यताले संभव नभएपनि साँढे व्यवस्थापन जटिल छदै छैन् ।

साँढेलाई सडकमा छाडेर नगरमा जति राम्रा काम गरेपनि ती ओझेलमा पर्दछन् । छाडागाईवस्तु व्यवस्थापन स्थानीय तहको प्रमुख काम हो । पैदल यात्रुको ज्यान गएपछि संवेदनशील भएर साँढे व्यवस्थापन प्राथमिकतामा पर्नुपर्छ । बुटवलमा सञ्चालित गौशालामा छुट्टै साँढे ब्लक बनाएर उनीहरुलाई व्यवस्थापन गर्न लाग्नुपर्छ ।

वा निर्वाचनसँग सम्बन्धित गतिविधि गर्दा एउटा दलले अर्को दललाई बाधा अवरोध पुऱ्याउने वा पुऱ्याउन लगाउने, थुनछेक गर्ने वा गराउने, निषेध गर्ने वा गर्न लगाउने जस्ता अलोकतान्त्रिक कार्य नगर्ने/नगराउने व्यवस्था गर्नु जरुरी हुन्छ । निर्वाचनमा हुने हिंसा रोक्न राज्य, राजनीतिक दल, सुरक्षा निकाय, नागरिक समाज, सञ्चार माध्यम र मतदाता सबैको भूमिका महत्वपूर्ण हुन्छ ।

गोपबाट

# एक साताको वृद्धिपछि घट्यो सेयर बजार



काठमाडौँ । पछिल्लो एक सातादेखि निरन्तर उकालो लागिरहेको सेयर बजारमा आइतबार 'करेक्सन' देखिएको छ। आइतबार नेपनेप्से परिसूचक २६.५१ अंकले घटेर २६४९.५२ विन्दुमा बन्द भएको छ । यो अघिल्लो कारोबारको तुलनामा ०.९९ प्रतिशतको गिरावट हो ।

बजार घटे पनि कारोबार रकम भने उत्साहजनक नै देखिएको छ। आज कुल ७ अर्ब ८ करोड ५४ लाख ४९ हजार रुपैयाँ बराबरको सेयर खरिद-बिक्री भएको छ । आज ३४२ वटा स्क्रिप ८४ हजार १५६ पटकको कारोबारमा १ करोड ५७ लाख ३६ हजार ३७२ कित्ता सेयर खरिदबिक्री भएका छन् ।

बजारमा २५७ कम्पनीको कारोबार भएकोमा २११ वटा कम्पनीको सेयर मूल्य घटेको छ भने ४५ वटा कम्पनीको सेयर मूल्य बढेको छ भने एउटा कम्पनीको मूल्य भने स्थिर रहेको छ ।

बजार घटे पनि केही कम्पनीका लगानीकर्ताले राम्रो नाफा कमाएका छन् । ५ वटा कम्पनीको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सागर डिस्टिलरी, निफ्राको ऋणपत्र, स्वस्तिक लघुवित्त, झापा इनर्जी र आत्मनिर्भर लघुवित्तको मूल्यमा सकारात्मक सर्किट लागेको छ । आज एनएमबि बैंकको डिवेञ्चरमा सर्वाधिक ८.९९ प्रतिशतको गिरावट देखिएको छ ।

बजारमा म्यानुफ्याक्चरिङ र म्युचुअल फण्ड बाहेक सबै सूचक घटेका छन् । बैंकिङ लगायत सातवटा सूचकमा एक प्रतिशतभन्दा धेरैको गिरावट देखिएको छ । सबैभन्दा धेरै गिरावट लगानी समूहमा १.४८ प्रतिशतले भयो ।

कारोबार रकमका आधारमा हिमालयन रिइन्स्योरेन्स शीर्ष स्थानमा रहेको छ । उक्त कम्पनीको २३ करोड ५ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । त्यसैगरी जोशी हाइड्रोपावर, ग्रीन भेञ्चर र एनआरएन इन्फ्रास्ट्रक्चरमा पनि लगानीकर्ताको उच्च आकर्षण देखिएको छ ।

# प्रोस्टेट ग्रन्थी बढ्ने समस्या के हो ?

डा. वेश अन्सारी

**प्रोस्टेट ग्रन्थी के हो ?**

प्रोस्टेट ग्रन्थी पुरुष प्रजनन प्रणाली अन्तर्गत पर्ने एउटा महत्वपूर्ण अंग हो, जुन केवल पुरुषहरूमा मात्र पाइन्छ। यो मूत्राशयको ठीक तल र मूत्रनलीको सुरुवातमा अवस्थित हुन्छ, र मूत्रनलीलाई घेरेर बसेको हुन्छ ।

**प्रोस्टेट ग्रन्थीको काम**

साधारणतया, प्रोस्टेटको आकार एउटा अखरोट जत्रो हुन्छ । यसको मुख्य काम वीर्य उत्पादनमा आवश्यक तरल पदार्थ बनाउनु हो, जसले शुक्राणुलाई जीवित राख्न र सक्रिय बनाइराख्न मद्दत गर्छ ।

**मुख्य कार्यहरू:**

- वीर्य उत्पादनमा सहयोग
- शुक्राणुको सुरक्षा र पोषण
- वीर्यलाई मूत्रनली हुँदै बाहिर निकाल्न सहयोग

**प्रोस्टेट सम्बन्धी सामान्य समस्याहरू**

१. **प्रोस्टेट ग्रन्थीको वृद्धि**

उमेरसँगै प्रोस्टेटको आकार बढ्न सक्छ । यसले मूत्रनलीमा दबाब दिई पिसाब गर्न गाह्रो पार्न सक्छ ।

२. **प्रोस्टेट संक्रमण**

प्रोस्टेट ग्रन्थीमा संक्रमण हुँदा दुखाइ, ज्वरो, र पिसाब गर्दा जलन हुने जस्ता लक्षण देखिन्छन् ।

३. **प्रोस्टेट क्यान्सर**

प्रोस्टेट ग्रन्थीमा हुने एक प्रकारको घातक क्यान्सर हो। सुरूवाती चरणमा खासै लक्षण नदेखिन सक्छ, त्यसैले समयमै स्वास्थ्य परीक्षण गर्नु आवश्यक हुन्छ ।

**प्रोस्टेट स्वास्थ्य परीक्षणका उपायहरू**

- पीएसए टेस्टः रगतमा प्रोस्टेट सम्बन्धी प्रोटिनको स्तर जाँचिन्छ ।
- डिजिटल रेक्टल एक्जामिनेसनः डाक्टरले औँलाको सहायताले गुद्द्वार हुँदै प्रोस्टेटको आकार र बनावट जाँच गर्छन् ।

**इनलार्ज्ड प्रोस्टेट के हो ?**

इनलार्ज्ड प्रोस्टेट भनेको उमेरसँगै प्रोस्टेट ग्रन्थीको आकार बढ्नु हो । यो समस्या प्रायः ५० वर्ष भन्दा माथिका पुरुषहरूमा देखिन्छ ।

**मुख्य लक्षणहरू:**

- पिसाब गर्न गाह्रो हुने
- बारम्बार पिसाब लाग्ने
- पिसाब राम्रोसँग ननिस्कने
- राति पटक-पटक उठेर पिसाब गर्नुपर्ने

**इनलार्ज्ड प्रोस्टेटको उपचार विकल्पहरू**

१. **औषधि उपचार**

प्रोस्टेटको आकार घटाउने वा मूत्र प्रवाह सहज बनाउने औषधिहरू प्रयोग गरिन्छ ।

२. **जीवनशैलीमा परिवर्तन**

- कफी, चिया, मदिरा र धेरै पानी रातिको समयमा कम सेवन गर्ने
- एकैचोटि पिसाब पूरा गरिसकेर उठ्ने बानी बसाल्ने
- पिसाब रोक्ने बानी नबसाल्ने
- नियमित व्यायाम र तौल नियन्त्रणमा राख्ने

३. **शल्यक्रिया वा अन्य उपचार विधिहरू**

- सामान्य सर्जरी
- नन-सर्जिकल प्रविधिहरू
- प्रोस्टेटिक स्टन्ट जडान

**कहिले डाक्टरसँग सम्पर्क गर्ने ?**

- पिसाब रोकिएर पेट दुख्न थालेमा
- पिसाबमा रगत देखिएमा
- अत्यधिक थकान, वाकवाकी वा ज्वरो आउँदा
- औषधिले काम नगरेको अवस्थामा

प्रोस्टेट ग्रन्थी पुरुष स्वास्थ्यको महत्वपूर्ण अंग हो । उमेरसँगै यसमा समस्या आउनु स्वाभाविक भए पनि समयमै परीक्षण र उपचार गरिएमा गम्भीर समस्या हुन दिइन सक्छ ।

इनलार्ज्ड प्रोस्टेटका लागि औषधि, जीवनशैली परिवर्तनदेखि शल्यक्रिया सम्मका उपचार विकल्पहरू उपलब्ध छन् । कुन उपचार उपयुक्त हुन्छ भन्ने निर्णय बिरामीको उमेर, लक्षणको गम्भीरता र सम्पूर्ण स्वास्थ्य अवस्थाका आधारमा चिकित्सकले गर्छन् ।

स्वास्थ्य खबरबाट

# आफन्त र नाताबाटै महिलाहरू बढी यौनजन्य हिंसामा



काठमाडौँ । नेपाल प्रहरीको तथ्याङ्कले आफन्त र नाता पर्नेहरूबाटै महिला बढी हिंसामा पर्ने गरेका देखिएको छ । प्रहरी प्रधान कार्यालयले महिला हिंसाविरुद्धको १६ दिने अभियानका क्रममा आज वार्षिक तथ्यपत्र सार्वजनिक गर्दै उक्त जानकारी दिएको हो ।

नेपाल प्रहरीको अपराध अनुसन्धान विभागकी प्रहरी उपरीक्षक बसुन्धरा खड्काले ९१ प्रतिशत यौनजन्य हिंसा आफन्त र नातेदारबाटै भएको पाइएको तथ्यपत्रबारे प्रस्तुतीकरण दिनुभयो । उहाँले घरेलु हिंसाको दर पनि अत्याधिक रहेकाले आफैँ र घरपरिवारबाट सुधार हुन जरुरी रहेकामा जोड दिए ।

प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला बालबालिका तथा ज्येष्ठ नागरिक निर्देशनालयद्वारा आज प्रधान कार्यालय नक्सालमा आयोजित कार्यक्रममा नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले हिंसाका घटना बढ्नुका साथै अझै उजुरी दिने क्रम पनि बढेको बताए ।

पहिले महिलाहरू हिंसा लुकाएर राख्ने गरेकामा विस्तारै खुल्दै गएकाले पनि हिंसाका उजुरी बढिरहेको उहाँले उल्लेख गर्नुभयो । यो तथ्याङ्कले अझै पनि सामूहिक प्रयासमार्फत हिंसा न्यूनीकरणमा लाग्न हामी सबै एकजुट हुनुपर्छ भन्ने देखाएको उनको भनाइ छ ।

महानिरीक्षक कार्कीले अनुसन्धान र कारबाही जारी रहे पनि अपराधका घटनाको गति नरोकिएकामा चिन्ता प्रकट गर्दै त्यसतर्फ हामी सबैले प्रयास गर्नुपर्नेमा उनले जोड दिए । "पढेलेखेकै मान्छेमाथि र पढेलेखेकै मान्छेबाट हिंसाका घटना भइरहेका छन्, त्यसैले शिक्षा प्रणालीमा सभ्यताको विषयसम्बन्धी पाठ्यसामग्री राख्न जरुरी देखिएको छ, यसतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्छ ।"-उनले भने ।

विभागकी प्रहरी उपरीक्षक खड्काले सूचना प्रविधिको विकाससँगै हिंसाका घटनामा बढोत्तरी भएको उल्लेख गर्दै यसलाई रोक्न प्रहरी एक्लैले नसक्ने धारणा राखे । आर्थिक समस्या र परनिर्भरताका कारण अझै पनि महिला प्रहरीमा उजुरी दिन डराइरहेकोतर्फ सबै सचेत हुनुपर्नेमा उनले जोड दिए ।

प्रहरी उपरीक्षक खड्काले हिंसा रोक्न र भइहाले न्याय दिलाउन समाज, व्यक्ति, राजनीतिक दल, सरोकार भएका निकायलगायत सङ्घसंस्थाको सहकार्य र समन्वयको खाँचो औँल्याए । अहिले प्रहरीले देशभरका २६० युनिटबाट महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसम्बन्धी सेवा प्रदान गरिरहेको उहाँले जानकारी दिए ।

कार्यक्रममा स्वास्थ्य सेवा विभागकी उपसचिव कविता अर्यालले महिला हिंसाबाट कुनै प्रदेश र कुनै उमेर समूह अछुतो नरहेको बताउँदै नातागोताबाटै हिंसा हुनु अति चुनौतीपूर्ण विषय भएको उल्लेख गरे । अहिले पनि २८ प्रतिशत मात्रै पीडित महिला 'हिंसा भयो' भनेर मद्दत माग्न आउने गरेका जनाउँदै उनले बाँकी समाजमा लुकेर रहनु डरलाग्दो विषय भएको बताए ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव मिलन भट्टराईले अभियानका रूपमा नभइ हिंसारहित समाज निर्माणका लागि आवश्यक सहकार्य र समन्वय हुनुपर्नेमा जोड दिँदै न्यायको पहिलो ढोका प्रहरी भएकाले प्रहरीको भूमिका बढाउनुपर्ने उल्लेख गरे ।

गृह मन्त्रालयकी उपसचिव मीना अर्यालले महिलामाथि हुने हिंसा बढिरहेका भन्दै समीक्षा गरी न्यूनीकरणमा लाग्न सबैमा आग्रह गर्नुभयो । प्रविधिले थप चुनौती थपिरहेको उल्लेख गर्दै उहाँले आवश्यक रणनीति बनाएर अघि बढ्न जरुरी रहेको बताए ।

राष्ट्रिय महिला आयोगकी रोशनीदेवी कार्कीले 'खबर गरौँ ११४५' अभियान सञ्चालन गरिएको जानकारी दिँदै हिंसाका घटनामा 'होस्टाइल' हुने समस्या विकराल रहेको उल्लेख गर्नुभयो ।

त्यसैले प्रभावितमैत्री सेवा दिन आवश्यक रहेको उनको भनाइ थियो ।

# दश महिनामा रामग्राम स्तुपमा १७ हजारबढी पर्यटकको आगमन

नवलपरासी । पश्चिम नवलपरासीको रामग्राम नगरपालिका-७ उजैनीस्थित रामग्राम स्तुप विश्वभरिका बुद्धको एकमात्र सिङ्गो अस्तुधातु भएको ठाउँ हो । जुन पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको पहिलो रोजाइमा पर्न थालेको छ ।

रामग्राम स्तूपमा सन् २०२५ जनवरी १ देखि अक्टोबर अन्तिमसम्मको १० महिनामा १७ हजार ४१७ जना पर्यटकले भ्रमण गरेका रामग्राम स्तुप विकास कोषका पर्यटन सहायक कर्मचारी अरविन्द चौधरीले जानकारी दिए । उनले भने-"गत वर्षको तुलनामा यसवर्ष पर्यटकको सङ्ख्या बढ्दो क्रममा छ । गत वर्षको सोही अवधिमा भन्दा यस वर्ष तीन हजार ७३८ बढी पर्यटक स्तुप अवलोकनका लागि पुगेका छन् ।"



रामग्राम स्तुपमा सबैभन्दा बढी थाइल्याण्डका छ हजार ६६८ पर्यटकको आगमन भएको पर्यटन सहायक कर्मचारी अरविन्द चौधरीले जानकारी दिए । आन्तरिक पर्यटकमा माथिल्लो मुस्ताङका दुई हजार ३७९ यहाँ पुगेका भन्दे सबैभन्दा कम युगाण्डाका एक जना रहेका बताए । उनका अनुसार स्तुपमा नेपाल बाहेक ३६ देशका पर्यटक आउने गरेका छन् । रामग्राम स्तुपमा पछिल्लो समय पर्यटक बढ्न थालेपछि स्थानीयको आयआर्जन बढ्नुका साथै रोजगारी पाएका छन् ।


स्थानीय सरकार

**रामग्राम नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

नवलपरासी (ब.सु.प.), लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृति गर्ने आशयको ७ सात दिने सूचना

सुचना प्रकाशित मिति : २०८२/०८/१५

मिति २०८२/०८/०२ गतेको बुटवल टुडे पत्रिकामा प्रकाशित आर्थिक प्रस्ताव खोल्ने ७ (सात) दिने सुचना अनुसार प्राबिधिक मूल्यांकनमा सफल भएका बोलपत्रदाताहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको आर्थिक बोलपत्र न्यूनतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस भई आएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | योजनाको विवरण | स्वीकृत हुने फर्मको नाम | कबोल अंक रुः (भ्याट र P.S रकम समेत ) |
|---|---|---|---|
| RAM/EB/QF/ 082/083/01 | Devgau Mahuwari sadak nirman, Ramgram 17 | M/S Buddhabhumi Construction, Sunwal 12 | Rs. 1,83,14,135.13 |
| RAM/EB/QF/ 082/083/02 | Sanda dekhi Sunwal Nagarpaalika jodne sadak staronnati, Ramgram 01 | M/S JAYESWAL-ARK JOINT VENTURE, amgram-12, Nawalparasi (W) | Rs. 1,89,55,100.02 |

**बोधार्थः**

1. M/S R.A. CHITRA-MANUSHI-PALUSTHAN J.V. , Sarawal-02, Nawalparasi (W)
2. M/S MAHAKALI-BIRAJ-LUMBINI J.V, Sarawal-01, Nawalparasi (W)
3. M/S Karki-Puja J.V, Ramgram-03, Nawalparasi (W)

**प्रमुख प्रशासकीय अधिकृत**


**लुम्बिनीबाट...**

रोल्पामा प्रतिनिधि छनोटका लागि चुनाव भएको छ । तर मत परिणाम आउन बाँकी छ ।

विगतमा एमाले उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलको नाममा जिल्ला तहका नेता-कार्यकर्ताहरू अलग-अलग समूह बनाएरै विभाजित बन्दै आएकोमा अहिले दुबै नेता एकै समूहमा रहेकाले विगतको समीकरणमा बदलाव आएको छ । निर्वाचित भएका महाधिवेशन प्रतिनिधिमा अधिकांश संस्थापन पक्षमै देखिएपनि महाधिवेशनसम्म पुग्दा नेतृत्व परिवर्तनको पक्षमा उभिने वरिष्ठ उपाध्यक्ष इश्वर पोखरेल पक्षका प्रतिनिधिहरुको तर्क छ ।

प्रदेशका पूर्व मन्त्री समेत रहेका एक नेताले पार्टीलाई ओरालो लाग्नबाट जोगाउन तथा दोस्रो र तेस्रो तहका नेताहरुको राजनीतिक भविष्य अन्धकार हुन नदिन पनि अहिले ओली पक्षबाट निर्वाचित प्रतिनिधिले केन्द्रीय नेतृत्व चयनका बेला विवेक प्रयोग गर्ने दावी गरे ।

लुम्बिनी प्रदेश कमिटी, मजदुर, दाङ, पाल्पा, रुपन्देहीबाट अपेक्षा गरेभन्दा धेरै प्रतिनिधि आफ्नो पक्षमा आएको इश्वर पक्षमा बोल्ने नेताहरूको आंकलन छ । संस्थापन पक्षमा असन्तुष्ट भएकाहरू पनि उपाध्यक्ष विष्णु पौडेलको पक्षमा रहेकाले ईश्वर पक्षमा कति खुले अझै पुष्टि नभएको उनीहरुको भनाइ छ ।

**असुरक्षाले...**

कुटपिटबाट सख्त घाईते भएका स्व. यमप्रसाद नेपालले प्रहरीकै अगाडी आफ्नो ज्यान गएमा हत्यामा संलग्न रहेको भनिएका प्रदिपलाई देखाउँदै आफ्नो मृत्युको कारण उही रहेको बताएका थिए । यद्यपी अस्पतालले भने कुटपिटले हृदयघातका कारणले ज्यान गएको भनी मृत्यु प्रमाणपत्र दिएको छ । दिपेशलाई फसाउन अनेक षडयन्त्र

नारायणीका छोरा दिपेशलाई फसाउन रिता (नाम परिवर्तन)का आफन्तलाई जिल्ला अदालत रुपन्देहीले थुनामा पठाउने आदेश दिएपछि घटनालाई मोड्न दिपेशले रीतालाई करणी गरेको भन्दै उल्टो उजुरी दिइएको नारायणीले बताईन् ।

करणी गरेको दिन र समय भनी उजुरीमा उल्लेख गरिएको समयमा दिपेश ईलाका प्रहरी कार्यालय बुटवलमा रहेको प्रमाण शुरक्षित भएपनि मुद्दाशाखामा कार्यरत प्रहरीले प्रमाण लिन नमानेको गुनासो गरिन् ।

अहिले रिता करणी आरोपमा जिल्ला अदालत रुपन्देहीमा दिपेशको मुद्दा चलिरहेको छ ।


## मोटरसाईकल हराएको सूचना

मेरो निम्न व्यहोरा भएको मोटरसाइकल मिति २०८२/०७/२० गते जिल्ला नवलपरासी (पूर्व) गैडाकोट न.पा -५ हाट बजार लाइनबाट पार्किङ गरी राखेको अवस्थामा हराएको हुँदा फेला पार्नु हुने महानुभावहरुले नजिकै प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिन हुन हार्दिक अनुरोध गर्दछु ।

नामः- प्रकाश थापा
ठेगानाः- रिसिङ गा. पा -८ तनहुँ
सवारी नं. :- ग २५ प २५२८ (१५० सिसी पल्सर)
च्यासिस नं.:- MD2A11CY9MPK75687
इन्जिन नं.: DHYRNK81256
रङः- Ebony Black/Red (कालो/रातो)
सम्पर्क नं. :- ९८६२३८११९९



**महराजगंज नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

महराजगंज, कपिलवस्तु

लुम्बिनी प्रदेश

## नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः२०८२/०८/१५

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क र यस प्रदेश आर्थिक ऐन २०८२ को व्यवस्था वमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुवाट निर्धारित मापदण्ड वमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी प्रदेश आर्थिक ऐन,२०८२ ले निर्धारण गरेको प्रति क्यु.फि.भ्याट बाहेक रु.८/-(आठ) दरमा विक्री गर्ने गरी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र,मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र,आ.व.२०८१/०८२ को कर चुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी संलग्न गरी तपसिल वमोजिमका शर्तहरुको अधिनमा रही
बोलपत्र प्रक्रियामा सहभागि हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| क्र. स. | दरभाउपत्रको नाम | दरभाउपत्र संख्या | उत्खनन् परिणाम (घन मिटर) | न्यूनतम वोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर वाहेक) | दरभाउपत्र फारम दस्तुर | दस्तुर बुझाउने खाता नं. | दर्ता गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|
| बाणगंगा खोला अर्न्तगत : | | | | | | | |
| १ | पडरीया नाका | MM/IR/2082/83-1 | १५८४० | ४४७५०७८।७८ | ३०००.०० | ग १.१.अन्तरिक राजस्व खाता १५९२०५००२७९०९०१७ | पुष १६ गते,१२ बजे भित्र |
| २ | बरगदी नाका | MM/IR/2082/83-2 | २६५२८ | ७४९४६२६।८९ | ३०००.०० | | |
| बेल खोला अर्न्तगत : | | | | | | | |
| ३ | चोहट्टा नाका | MM/IR/2082/83-3 | ७२०० | २०३४१२६।७२ | ३०००.०० | | |

**शर्तहरुः**

१) बोलपत्र पेश गर्ने वोलपत्रदाताले यस कार्यालयवाट बोलपत्र सम्वन्धि कागजातहरु खरीद गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर भौचरलाई वोलपत्र सम्वन्धि कागजात साथ संलग्न गरी यस कार्यालयमा पेश गर्नु पर्नेछ ।
२) बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।
३) बोलपत्र सम्वन्धि फारम भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
४) आफुले कवोल गरेको अंकको ५(पांच).प्रतिशत्को दरले हुन आउने धरौटी रकम यस कार्यालयको नाममा एन.आइ.सी.एशिया बैंक महाराजगंज शाखामा रहेको कार्यालय कोड ग.३ भएको धरौटी खाता नं.१५९२०५०५२४८८५०१२ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा राष्ट्रबैंकबाट इजाजत प्राप्त क बर्गको वैंकवाट यस कार्यालयको नाममा वोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको विड वण्ड पेश गर्नुपर्नेछ ।
५)बोलपत्र फारमहरुमा उल्लेख भएका सवै विवरणहरु भरी वोलपत्रदाताहरुले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम,ठेगाना,कामको विवरण, बोलपत्र विवरण प्रोप्राईटरको नाम,ठेगाना,फोन नं,मोवाईल नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले सूचनामा उल्लेखित मिति र समय भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ ।
६) एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामवाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्वन्धि कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० वजे देखि कार्यालयका प्रतिनिधि, व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै वोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न वाधा पर्ने छैन । उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।
७) बोलपत्र सम्वन्धि विस्तृत जानकारी बोलपत्र सम्वन्धि फारममा उल्लेख गरिएको हुंदा सोही पुस्तिकावाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी,रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
८) बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टांस भएको मितिले ७(सात) दिनभित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कवोल अंकको कम्तीमा ५० प्रतिशत्ले हुने रकम नगद । बांकी नेपाल राष्ट्र वैंकवाट ईजाजत प्राप्त बाणिज्य वैंकवाट यस कार्यालयको नाममा २०८३ साल असार मसान्त सम्म म्याद सहित जारी गरिएको वैंक ग्यारेन्टी ( परफरमेन्स वण्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । साथै बोलपत्र कवोल गर्ने फर्मले आफुले कवोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ % भ्याट रकम समेत यस कार्यालयमा वुझाउनु पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर वोलपत्रदाताले छुट्टै वुझाउनु पर्नेछ ।
९) तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरिनेछ । यस नगरपालिकाको नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ सम्वन्धित स्थानीय तहवाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड वमोजिम हुनेछ । साथै यस कार्यालयवाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।



लुम्बिनी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

**डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.प.)**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८२।०८।१५ गते)

यस कार्यालयबाट बाबा बर्दगोरिया धाम, सुनवल नगरपालिका ११, नवलपरासी (ब.सु.प.) मा नक्षेत्र बाटीका निर्माण गर्न e–bidding प्रक्रियाबाट बोलपत्र आव्हवान गरिकोमा निर्धारित समय भित्रमा रितपुर्बक दर्ता भएका बोलपत्रहरु मध्ये निम्न बोलपत्र न्युनतम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही देखिएको हुँदा सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२), (३) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जनकारीको लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**ठेक्का सम्बन्धी विवरण**

| सि.न. | ठेक्का नं. | कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक रु. (भ्यट र पि.एस. सहित) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | DFO-NAW/ Works/ NCB/2082-083/02 | Construction of Nakshyatra Batika on Baba Bardagoriya Dham, Sunwal-11, Nawalparasi (Ba.Su.Pa.) | Durgesh Construction and Suppliers Pvt. Ltd., Tokha-5, Kathmandu | २०,०५,७०१/३२ | |

सि.डि.व.अ. राजु क्षेत्री

डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.प.)



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

# रास्वपा र विवेकशील साझाबिच एकता




बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र विवेकशील साझा पार्टीबीच एकता घोषणा भएको छ । काठमाडौंमा आयोजित एकता घोषणा सभामा दुई दलका नेताहरूले एकीकरणसम्बन्धी सहमतिमा हस्ताक्षर गरेका छन् । रास्वपाका तर्फबाट कार्यबाहक सभापति डोलप्रसाद अर्याल र डा. स्वर्णिम वाग्लेले हस्ताक्षर गरेका छन् भने विवेकशील साझाकी अध्यक्ष समीक्षा बाँस्कोटा र उपाध्यक्ष प्रकाशचन्द्र परियारबीच हस्ताक्षर भएको हो ।

उनीहरूबीच विभिन्न पाँच वटा बुँदामा सहमति भएको छ ।

जस अनुसार, वैकल्पिक राजनीतिको प्रवर्द्धनमा स्व. उज्वल थापा एवं 'विवेकशील अभियान'को योगदानलाई दस्तावेजीकरण गरी मान्यता दिने सहमति भएको छ । महाधिवेशनसम्मका लागि बनाइएको 'विशेष संयन्त्र संघीय नेतृत्व मञ्च' मा विवेकशील साझा पार्टीबाट एकीकरणको प्रक्रियाबाट आउने नेताहरुलाई आपसी समझदारीमा मनोनयन गर्ने सहमति भएको छ । त्यस्तै, मञ्चका सदस्यहरूको वरियता केन्द्रीय समितिको सदस्य सरह हुने सहमतिमा उल्लेख छ । विवेकशील साझा पार्टीका सदस्य र सल्लाहकारहरुलाई केन्द्रीय, प्रादेशिक र स्थानीय तहगत संरचनामा समुचित समायोजन गरि जिम्मेवारी तोक्दा योग्यता, समावेशिताको सिद्धान्त र सार्वजनिक छविलाई आधार मान्ने पनि सहमतिमा बताइएको छ ।

एकीकरण पश्चात् दलको नाम 'राष्ट्रिय स्वतन्त्र पार्टी', दलको झण्डा साविककै निलो पृष्ठभूमिको मध्य भागमा सेतो रङ्गको गोलाकार बीचमा निलो रङ्गको घण्टीको आकृति र दलको चिन्ह 'घण्टी' रहने बताइएको छ ।

एकीकरण सम्बन्धी निर्वाचन आयोग सम्बद्ध कानूनी प्रक्रिया पूरा गर्न राष्ट्रिय स्वतन्त्र पार्टी र विवेकशील साझा पार्टीबाट आवश्यक दस्तावेजहरू तयार गर्दै पार्टीका नाममा रहेका चल-अचल सम्पत्तिको व्यवस्थापन आपसी समझदारीमा शीघ्र सम्पन्न गर्ने सहमति पनि भएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीको सिद्धान्त, नेतृत्व र चुनाव चिन्ह 'घण्टी' मा गोलबद्ध भइ लोकतान्त्रिक सुशासन र समुन्नतिका मुद्धा अघि बढाउन अन्य सबै सुसंस्कृत एवं परिवर्तनकामी वैकल्पिक राजनीतिक शक्ति, समूह र व्यक्तिहरुलाई आव्हान गने पनि सहमति भएको छ ।

# आजदेखि लखन थापा स्मृति दोस्रो खुल्ला पुरुष भलिबल




बुटवल । बुटवलमा सोमबारदेखि प्रथम सहिद लखन थापा स्मृति दोस्रो खुल्ला पुरुष भलिबल प्रतियोगिता हुने भएको छ । नेपाल युवा मगर संघ बुटवल उपमहानगर पालिका वडा नम्बर ७ को आयोजनामा दिपनगरस्थित खेल मैदानमा प्रतियागिता हुने भएको हो ।

मगर समुदायले हरेक वर्ष मनाउने पीतृ पूजाको अवसरमा तीन दिनसम्म सञ्चालन हुने प्रतियोगिमा ८ समूहले प्रतिस्पर्धा गर्ने संघका अध्यक्ष कुमार राना मगरले जानकारी दिए । विभिन्न क्लब तथा संस्थाहरुबाट सहभागी रहने प्रतियोगितामा हरेक समुहले ३ जनासम्म राष्ट्रिय खेलाडीलाई समावेश गर्न पाउने भएकाले रोमाञ्चक प्रतिस्पर्धा हुने उनको दाबी छ । प्रतियोगिताका लागि सम्पूर्ण तयारी पूरा भएको जानकारी दिन आइतबार आयोजित पत्रकार सम्मेलनमा बोल्दै संस्थाका संरक्षक विष्णु थापा झेंडी मगरले प्रथम सहिद लखन थापालाई पीतृको रुपमा सम्मान गर्दै यो कार्यक्रम आयोजना गरिएको बताए ।

कार्यक्रमको अवसरमा बोल्दै बुटवल-७ का वडाध्यक्ष पदम गाहाले मगरहरुको पहिचान र इतिहासलाई स्मरण गर्दै आयोजना गरिएको प्रतियोगिताले नयाँ पुस्तासम्म यस बारे जानकारी पुर्याउन सहयोग गर्ने अपेक्षा गरे ।

प्रतियोगिताको विजेताले नगद ५० हजार, कप मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने छ भने उप विजेताले ३० हजार नगद पुरस्कार प्राप्त गर्ने दिलिप थापाले जानकारी दिए । यसैगरी तेस्रो र सान्त्वना हुने समुहले क्रमशः नगद २० हजार र १० हजार पुरस्कार प्राप्त गर्नुका साथै विभिन्न विधागत रुपमा सम्मेन पुरस्कार प्रदान गरिने संयोजक थापाले जानकारी दिए ।

बुटवल उप-महानगरपालिकाको आर्थिक सहयोग तथा विभिन्न दाताहरुबाट संकलित रकमबाट आयोजना गर्न लागिएको प्रतियोगिका लागि करिब १० लाख खर्च अनुमान गरिएको छ । प्रतियोगिताभर खेल हेर्नका लागि ३० सय बढी दर्शक क्षमताको अस्थायी प्याराफिट निर्माण गरिएको छ ।

प्रतियोगितामा दर्शकले निःशुल्क अवलोकन गर्न पाउने आयोजकले जानकारी गराएको छ । नकआउटका आधारमा हुने प्रतियोगिताको फाइनल खेल मंसिर १८ गते पीतृ पूजाका दिन हनेछ । मगर समुदायले बुटवलमा हरेक वर्षमा मंसिर महिनामा पीतृ पूजा गर्ने प्रचलन रहेको छ ।

# गण्डकी प्रदेश सांसद लक्ष्मणबहादुर पाण्डे पराजित



**रामकुमार श्रेष्ठ**

*नवलपुर ।*

नेकपा एमालेको केन्द्रिय प्रतिनिधि छनौटको क्रममा नवलपुरमा गण्डकी प्रदेश सभा सदस्य लक्ष्मण बहादुर पाण्डे पराजित भएका छन् ।

केन्द्रिय प्रतिनिधिका लागि नवलपुर क्षेत्र नं. २ बाट खुल्लातर्फबाट उम्मेदवारी दिएका पाण्डे ३ सय ४० मत प्राप्त गर्दै पराजित भएका हुन् । ८ जना उम्मेदवार मध्ये उनी अन्तिम २ मा परेका थिए ।

नवलपुर २ बाट खुल्लातर्फ मध्यविन्दु नगरपालिकाका नगर प्रमुख भिमलाल अधिकारी, बाबुराम पाण्डे र रोशन थापा निर्वाचित भएका छन् ।

त्यसैगरी नवलपुर २ बाट युवातर्फ कृष्ण गैरे, महिलातर्फबाट कावासोती नगर उपप्रमुख फूलकुमारी थनेत र र बालु पुरी निर्वाचित भएका छन् । त्यसैगरी नवलपुर क्षेत्र नं. १ बाट खुल्लातर्फ ४ जना प्रतिनिधिका लागि भएको १२ जनाको उम्मेदवारी परेकोमा गण्डकी प्रदेश सभा सदस्य एवम् पूर्व मन्त्री रोशनबहादुर गाहा, एमाले पूर्व जिल्ला अध्यक्ष मुक्तिराम पाण्डे, नेकपा एमाले नवलपुर जिल्ला सचिव भिमलाल कंडेल र नरदेव न्यौपाने निर्वाचित भएका छन् ।

यहाँ महिलातर्फ देवचुली नगरपालिका उपप्रमुख पार्वता तिवारी र विजयी भएका छन् भने युवातर्फ बुलिङटार गाउँपालिका अध्यक्ष दिपेन्द्र सुनारी मगर विजयी भएका छन् ।

दलिततर्फ जिल्ला समन्वय समितिका प्रमुख बाबुराम विक निर्विरोध निर्वाचित भएका हुन् । एमाले जिल्ला अध्यक्ष जीवन श्रेष्ठले उम्मेदवारी दिएनन् ।

# वनको साधारणसभा सम्पन्न



देवदह । पाल्पाली सामुदायिक वन उपभोक्ता समुह देवदह-६, को १३औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । समूहका अध्यक्ष सरोजकुमार थापाको अध्यक्षता र डिभिजन वन कार्यालय रुपन्देहीका प्रमुख प्रविन विडारीको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको हो । साधारण सभाले समुहका अध्यक्ष थापाले प्रस्तुत गरेको आगामी बर्षको लागि ५४ लाख बरावरको योजना पास गरेको छ । अध्यक्ष थापाले प्रशासनीक तर्फ ४ लाख ८६ लाख ९ सय, वन व्यवस्थापन तर्फ २२ लाख ८८ हजार ८ सय ७५, महिला शसक्तिकरण तथा गरिवी न्यूनिकरणतर्फ ९ लाख ७६ हजार, सार्वजनिक निर्माणतर्फ १० लाख ८ हजार र घुम्तीकोषतर्फ ६ लाख ८६ हजार गरी ५४ लाख ४६ हजार बरावरको योजना प्रस्तुत गर्नु भएको हो ।

साधारण सभालाई सम्बोधन गर्दै डिभिजन प्रमुख विडारीले सामुदायिक वनले उपभोक्ताहरुलाई सीप प्रदान गरी आत्मनिर्भर बनाउनु पर्नेमा जोड दिए ।

उनले वनलाई उत्पादनसंग जोड्न सकेमात्र आमउपभोक्ताहरुको आर्थिक विकासमा टेवा पुर्याउने बताए । विडारीले वनलाई अतिक्रमण, चोरी निकासी र वन डढेलोबाट बचाउनको लागि सम्पूर्ण उपभोक्ताहरु लाग्नु पर्नेमा जोड दिए ।

उनले समुदायको विकासको लागि सामुदायिक वनहरुको महत्वपूर्ण भूमिका रहेको बताउँदै सबैको साथ र सहयोगले मात्र सामुदायिक वनको विकास हुने बताउनु भयो ।

कार्यक्रममा देवदह नगरपालिका-६, का वडाअध्यक्ष खेमबहादुर थापा, सामुदायिक वन महासंघ रुपन्देहीका अध्यक्ष श्यामकला आर्चाय, शिवालय सामुदायिक वनका अध्यक्ष रामचन्द्र पाध्य, समूहका अनुगमन समितिका संयोजक विष्णु बराललगायतले बोल्दै राज्यले सामुदायिक वनलाई लगाउँदै आएको कर खारेज गर्नुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा समूहका कोषाध्यक्ष हुमकुमारी गाहाले आर्थिक प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । समूहका उपाध्यक्ष उमबहादुर आलेको स्वागत र सचिव चिनीसरा थापाको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# आरम्भको वित्तीय साक्षरता




भैरहवा । आरम्भ चौतारी लघुवीत्त वित्तीय संस्था लिमिटेड, शाखा कार्यालय बुड्ढीको आयोजनामा भृकुटी माध्यमिक विद्यालयमा एक दिने वित्तिय साक्षरता अभियान कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि बुद्धभूमि नगरपालीका उपप्रमुख मिरा थारुले पछिल्लो समय ऋण लिएर सम्झौता भएको मितिमै तिरेर असली ऋणीको रुपमा आफुलाई पहिचान गर्न सहभागीलाई आग्रह गरे ।

साथै उनले ऋण लिएपछि अनिवार्य रुपमा तिर्नुपर्ने विषयमा जोड दिँदै विगतका केही घटनाका कारणले गर्दा ऋणको सही उपयोगमा समस्या र निगरानी गर्नुपर्ने आवश्यकता औंलाउनुभयो । कार्यक्रममा बडा नम्वर ४ का वडा अध्यक्ष सुशील कुमार चौधरीले मानिसले फजुल खर्च नगर्न र बचत गर्ने बानीको विकास गर्नुपर्ने आवश्यकता रहेकोमा जोड दिए ।

केही सहकारीका कारणले गर्दा लघुवित्त क्षेत्र नै बदनामी भएको उल्लेख गर्दै आरम्भ चौतारी लघुवित्तले विगत ८-९ वर्षदेखि राम्रो काम गर्दै आएकोमा समेत कार्यक्रमका सहभागीले प्रशंसा गरेका थिए ।

कार्यक्रम बुड्ढी आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड, शाखा कार्यालय बुड्ढीका शाखा प्रमुख महेन्द्र यादवको अध्यक्षता, दिपा ज्ञवालीको संचालनमा भएको कार्यक्रमा स्थानीय समाजसेवी, सुरक्षाकर्मि, सन्चारकर्मीलगायतको सहभागीता रहेको थियो । सोही कार्यक्रममा उत्कृष्ट ऋणी, नियमित बचत कर्ता लगायतलाई सम्मान गरिएको बताइएको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

रक्तदान जीवनदान ।
- रगतको अभावले बर्षेनी हजारौं मानिसको ज्यान जान सक्छ,
- रगत बनाउन वा किन्न मिल्ने वस्तु होईन,
- रगत स्वस्थ मानिसबाट दान स्वरुप प्राप्त हुने वस्तु हो,
रक्तदाताले:
- रक्तदान गर्नु अघि हल्का खाना र प्रशस्त पानी पिउनु पर्छ,
- अत्याधिक थकान, ज्वरो, र कुनै प्रकारको संक्रमण भए रक्तदान गर्नु हुँदैन,
- ३-४ महिनामा एक पटक रक्तदान गर्न सकिन्छ,
- रक्तदानपश्चात् केही समय विश्राम गर्नु र पौष्टिक खाना खानु पर्छ,
- रक्तदान गर्नुअघि र पछि चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्छ,
- मासिक धर्म, गर्भावस्था वा सुत्केरी महिलाले रक्तदान गर्नु हुँदैन,
- १८ देखि ६० वर्षका स्वस्थ व्यक्तिले मात्र रक्तदान गर्नुपर्छ,
- रक्तदानले स्वास्थ्यमा कुनै असर पार्दैन, बरु यसले नयाँ रक्तकोष निर्माणमा सहयोग गर्छ ।
रगतबाट मानिसको ज्यान जोगाउन सकिने हुँदा रक्तदान महादान हो ।
नेपाल सरकार विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com